# लालबन्दी नगरपालिका

# आर्थिक ऐन, २०७४

नगर सभाबाट पारित मितिः –२०७४/०९/२७

लालबन्दी नगरपालिका
लालबन्दी, सर्लाही
२ नं. प्रदेश, नेपाल

# लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०७४

**नगर प्रमुखबाट प्रमाणिकरण मिति : २०७४/०९/३०**

**लालबन्दी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना** : लालबन्दी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लालबन्दी नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ। (२) यो ऐन तुरून्त लालबन्दी नगरपालिका क्षेत्रमा लागू हुनेछ । यस सम्बन्धमा यस अघि भैरहेको व्यवस्था यसै बमोजिम भएको मानिनेछ ।

२. **भूमि कर(मालपोत)** : बक्यौता रकम असुल गर्दै नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ ।

३. **घर बहाल कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा लिए दिएको अनुसूचि (२) बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल गरिनेछ । वहाल सम्झौतामा अर्को व्यवस्था भएकोमा वाहेक वहाल कर तिर्ने दायित्व घर/जग्गा धनिको हुनेछ ।

४. **व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापारअ, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि(३) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि(४) बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ।

६. **सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर** : नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम मनोरन्जन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क** : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ्ग शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूचि (९) बमोजिम पार्किङ्ग शुल्क लगाईने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा व्यवसाय संचालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाईने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **जग्गा प्लटिङ्ग** : नगरपालिकाले कानुनले तोके बमोजिमको प्रक्रिया पुरा गरि जग्गा प्लटिङ्ग गर्दा लाग्ने शुल्क अनुसूची (१३) बमोजिम हुनेछ । साथै नगरपालिकाले प्रक्रिया पुरा गरि प्लटिङ्गको परमिट तथा घडेरी खार्ने तथा पुर्ने अनुमति प्रदानको गर्ने शुल्क समेत सोही अनुसूची बमोजिम हुनेछ ।

१५. **नक्सापास सम्बन्धमा** : नगरपालिका क्षेत्र भित्र नक्सापास गर्दा लाग्ने दस्तुर अनुसूची (१४) बमोजिम लगाईने तथा असुल उपर गरिनेछ ।

१६. **सरसफाई शुल्क** : नगरपालिका क्षेत्रभित्र सरसफाई सेवा दिए वापतको सरसफाई शुल्क अनुसूची ( १५) बमोजिम लगाईने तथा असुल उपर गरिने छ ।

१७. **भाडा दस्तुर** : नगरपालिकाले दिने अन्य सेवाहरूको भाडा दर अनुसूचि (१६) बमोजिम लगाईने तथा असुल उपर गरिने छ ।

१८. **दण्ड जरिवाना** : नगरपालिकाल स्वीकृत गरेको कानुनको उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई अनुसूची (१७) बमोजिम दण्ड वा जरिवाना गरिने छ ।

१९. **राजश्व अभिबृद्धि सम्बन्धी योजना** : नगरपालिकाले आन्तरिक आय अभिबृद्धिको लागि राजश्व अभिबृद्धि सम्बन्धी योजना क्रियाकलाप आगमी दिनमा तय गरिनेछ ।

२०. **सङ्कलित रकमको राजश्व बाँडफाँड** : नेपालको संविधान, संघीय कानुन तथा प्रदेशको कानुन बमोजिम तथा केन्द्रीय सरकारको निर्देशन बमोजिम सङ्कलित रकमको बाँडफाँड गर्नु पर्ने भएमा सोहि बमोजिम गरिने छ ।

२१. **करछुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । अन्यथा कर छुट दिनु पर्दा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कर छुट दिनु पर्ने र नगरसभाबाट एकमुष्ट अनुमोदन तथा समर्थन गराउनु पर्नेछ ।

२२. **अन्य कर, दस्तुर, सेवा शुल्क** : माथि उल्लेख बाहेकका अन्य कर, दस्तुर, सेवा शुल्क आदिका सम्बन्धमा अनुसूची (१८) बमोजिम हुनेछ ।

२३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

# लालबन्दी नगरपालिका
# मालपोत तथा भुमि कर
अनुसूची-१

## मालपोत तथा भुमि कर :

| सि.नं. | वडा नं. | चालु आ.ब. २०७४/०७५ को दररेट प्रतिकठ्ठा |
|---|---|---|
| १ | १,२ | रु.२०।- |
| २ | ३, ४, | रु.२५।- |
| ३ | ५, ८ | रु.४०।- |
| ४ | ६, ७, ९ | रु.५०।- |
| ५ | १०, ११ | रु.३५।- |
| ६ | १२ र १३ | रु.१६।- |
| ७ | १४ | रु.५।- |
| ८ | १५ | रु.१५।- |
| ९ | १६ | रु.२०।- |
| १० | १७ | रु.१०।- |

**लालबन्दी नगरपालिका**
**घर बहाल कर**
अनुसूची-२

**घर बहाल कर :**

- नगरपालिका क्षेत्र भित्रका जग्गा तथा घरहरु वहालमा लगाएका धनीसंग वर्ष भरीको वहाल रकमको कार्यालय, संस्था र व्यापारिक प्रयोजनका लागी बहालमा दिएको भएमा सम्झौता बमोजिमको रकममा सयकडा **२(दुई) प्रतिशत** र आवासिय प्रयोजनको लागी भएमा **१(एक) प्रतिशतका**दरले वहाल कर लिइनेछ । विदेश अध्ययन गर्न जाने विद्यार्थीको लागी आयश्रोत प्रमाणितको लागी **५०प्रतिशत** छुट दिईनेछ । घर जग्गा वहालकर एकीकृत सम्पति कर, मालपोत वा आयश्रोत प्रमाणित दस्तुर दाखिला गर्न आउंदा वुझाउनु पर्नेछ ।
- वहाल सम्झौतामा अर्को व्यवस्था भएकोमा वाहेक वहाल कर तिर्ने दायित्व घर/जग्गा धनिको हुनेछ ।

# लालबन्दी नगरपालिका
## व्यवासाय कर
अनुसूची-३

**व्यवसाय कर :**

| सि.नं. | विवरण | आ.व.०७४/०७५ का लागी पारित दरहरु |
|---|---|---|
| **व्यापारीक बस्तु** | | |
| **१** | **मदिरा पसल** | |
| | रक्सी, वियरको डिस्टिव्युटर्स | ७००० |
| | रक्सी, वियरको थोक पसल | ५००० |
| | रक्सी, वियरको खुद्रा विक्री पसल | ३००० |
| **२** | **सुर्ती जन्य (धूम्रपान पसल)** | |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको डिलर पसल | ५००० |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको थोक पसल | ३००० |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको खुद्रा पसल | १५०० |
| **३** | **हल्का पेय पदार्थ पसल** | |
| | हल्का पेय पदार्थको डिलर | ४००० |
| | हल्का पेय पदार्थको खुद्रा पसल | २००० |
| **४** | **सून चांदी पसल** | |
| | सुन चांदी पसल श्रेणी क | ६००० |
| | सुन चांदी पसल श्रेणी ख | ४००० |
| | सुन चांदी पसल श्रेणी ग | २००० |
| **५** | **औषधी व्यवसाय** | |
| | औषधी सुपर डिस्ट्रिव्यूटर्स | ५००० |
| | औषधी थोक तथा डिस्ट्रिव्यूटर्स | ४००० |
| | औषधी खुद्रा पसल (डक्टर भएको) | ३००० |
| | औषधी खुद्रा पसल (डक्टर नभएको) | २००० |
| ६ | **आयुर्वेदिक औषधी पसल** | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल | ३००० |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा | २००० |
| | एग्रोभेट थोक पसल | ५००० |
| | एग्रोभेट खुद्रा पसल | ३००० |
| **७** | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्यूटर्स | ५००० |
| | स्टेशनरी तथा पुस्तक थोक | ३५०० |
| | स्टेशनरी तथा पुस्तक खुद्रा | २००० |
| | मूद्रण सामाग्री खरिद विक्री तथा कापी उद्योग | ५००० |
| **८** | **डिपार्टमेन्टल पसल** | |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी क | ५००० |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी ख | ४००० |
| ९ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक थोक पसल श्रेणी क | २००० |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ख | १५०० |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ग | १००० |
| १० | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| | मोटर पार्टस सामान विक्री श्रेणी क | ५००० |
| | मोटर पार्टस सामान विक्री श्रेणी ख | ४००० |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी क | ५००० |

| | | |
|---|---|---|
| | बोडी बिल्डर्स सामान विक्री श्रेणी ख | ४००० |
| ११ | **लुब्रिकेसन सेक्सन तर्फ (आयल निगम)** | |
| | लुब्रिकेसन थोक पसल | ५००० |
| | लुब्रिकेसन खुद्रा पसल | ३००० |
| १२ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस थोक पसल | ४५०० |
| | प्लाई तथा ग्लास हाउस  खूद्रा पसल | ३५०० |
| **१३** | **कपडा तथा फेन्सी पसल** | |
| | कपडा,फेन्सी तथा व्याग थोक पसल | ३५०० |
| | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी क | ३००० |
| | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी ख | २५०० |
| १४ | **धागो टांक फस्नर थोक पसल** | |
| | धागो, टांक, फस्नर थोक पसल | २००० |
| | धागो, टांक, फस्नर खूद्रा पसल | १५०० |
| **१५** | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्यूटर्स | ५००० |
| | इलेक्ट्रोनिक थोक पसल | ३००० |
| | इलेक्ट्रोनिक खूदा पसल श्रेणी क | २००० |
| | इलेक्ट्रोनिक खूदा पसल श्रेणी ख | १५०० |
| | रेडियो,घडी,क्याल्कुलेटरमात्र बिक्री पसल | १२०० |
| | अडियो, भिडियो क्यासेट तथा मोवाईल पसल | १००० |
| **१६** | **विद्यूत सामाग्री पसल** | |
| | विद्यूत सामाग्री थोक पसल | ३५०० |
| | विद्यूत सामाग्री खुद्रा पसल | २००० |
| **१७** | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | |
| | थोक पसल | ५००० |
| | खुद्रा पसल श्रेणी क | ४००० |
| | खुद्रा पसल श्रेणी ख | ३००० |
| **१८** | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | ५००० |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ३५०० |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | २००० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | १५०० |
| | ग्यांस सिलिण्डर डिलर सव डिलर | २५०० |
| १९ | **स्टील, आल्मुनियमको पसल** | |
| | स्टील, आल्मुनियमको थोक पसल | ३५०० |
| | स्टील, आल्मुनियमको खूद्रा पसल | २५०० |
| २० | **फर्निशर्स पसल** | |
| | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | ५००० |
| | फ्लोरिङ तथा फर्निशर्स खूद्रा पसल | ३५०० |
| **२१** | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | |
| | बस,ट्रक, ट्रयाक्टर जिप,कारको डिलर | ७५०० |
| | मोटरसाइकल डिलर | ५००० |
| | मोटरसाइकल अन्य सवारी साधनको  डिलर(स्वदेशी उत्पादन) | २००० |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल | २५०० |
| | रि कन्डिसन हाउस | २५०० |
| **२२** | **थोक तथा एजेन्सी** | |
| | टायर डिलर | ४५०० |
| | पम्पिङ्गसेट, जेनेरेटर डिलर | ३००० |

| | | |
|---|---|---|
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | २५०० |
| **२३** | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान सप्लायर्स | ५००० |
| | गल्ला थोक पसल | ४५०० |
| | खाद्यान,किराना थोक पसल | ३००० |
| | खाद्यान,किराना खुद्रा पसल | २००० |
| | भित्री सडकमा रहेका साना किराना पसल | १५०० |
| | आलु, प्याज, लसुन, अदुवा थोक पसल | २५०० |
| **२४** | **फलफुल पसल** | |
| | फलफुल थोक पसल | २००० |
| | फलफुल खुद्रा पसल | १५०० |
| **२५** | **सागसब्जी पसल** | |
| | सागसब्जी थोक पसल | २००० |
| | सागसब्जी खुद्रा पसल | ७०० |
| **२६** | **सुतीमात्रको कपडा पसल (स्थानीय उत्पादन)** | |
| | सुती कपडा थोक पसल | १००० |
| | सुती कपडा खुद्रा पसल | ७०० |
| | ग्रामीणक्षेत्रक पसल श्रेणी क | ५०० |
| | ग्रामीणक्षेत्रका पसल श्रेणी ख | ३०० |
| | **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| २७ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | २५०० |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | २००० |
| | कबिराज | १५०० |
| **२८** | **कन्सल्ट्यान्ट सेवा** | |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | २५०० |
| **२९** | **कानुन व्यवसायी** | |
| | ल फर्म तथा कानुन परामर्श सेवा | २००० |
| **३०** | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| | लेखा परीक्षण (सि.ए.) | २५०० |
| | लेखा परीक्षण (र.ले.प) | १५०० |
| ३१ | **दन्त चिकित्सा सेवा** | |
| | डेन्टल होम सेवा | २५०० |
| | दन्त चिकित्सा सेवा | १५०० |
| ३२ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | अनुसन्धानकर्ता | २००० |
| | कम्प्यूटर एनालिस्ट तथा प्रोग्रमर | १५०० |
| | विमा एजेन्ट | १५०० |
| | सर्भेयर | १५०० |
| | नोटरी पब्लिक अनुवादक | १५०० |
| | पशू चिकित्सक | १५०० |
| | शेयर दलाल | २००० |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | ३००० |
| | संथागत पेन्टर | ५००० |
| **निर्माण व्यवसाय** | | |
| | स्वदेशी निर्माण व्यवसायी | ४००० |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १०००० |
| ३३ | **भवन निर्माण व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | ३५०० |

| | | |
|---|---|---|
| | सटरिङ्ग सामानमात्र भएको | २५०० |
| | भवन निर्माण व्यवसायी | २००० |
| ३४ | **सटरिङ्ग व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएको | २५०० |
| | सटरिङ्ग सामानमात्र भएको | २००० |
| | वाटर ड्रिलिङ्ग | १५०० |
| उत्पादनमुलक उद्योग | | |
| ३५ | **प्लाष्टिक उद्योग** | |
| | प्लाष्टिक उद्योग श्रेणी क | ३००० |
| | प्लाष्टिक थोक पसल | २००० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी क | १५०० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी ख | १२०० |
| ३६ | **चप्पल उद्योग** | |
| | चप्पल उद्योग श्रेणी क | ३००० |
| | चप्पल थोक विक्रि पसल | २५०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी क | २००० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी ख | १५०० |
| ३७ | **ग्रील उद्योग** | |
| | स्टील,आल्मूनियम ग्रील उद्योग | ३००० |
| | फलामको ग्रील उद्योग | २५०० |
| ३८ | **साबुन उद्योग तथा विक्रि पसल** | |
| | साबुन उद्योग श्रेणी क | ३००० |
| | साबुन उद्योग श्रेणी ख | २५०० |
| | साबुन विक्रि पसल | १००० |
| ३९ | **जूत्ता उद्योग तता विक्रि पसल** | |
| | जुत्ता उधोग तथा जुत्ताको शो रुम | ३००० |
| | जुत्ताको शो रुम तथा विक्रि पसल | २५०० |
| | जुत्ता मर्मत गर्ने | १००० |
| ४० | **पशूपालन तथा पशू आहार उद्योग** | |
| | पशु आहर उद्योग | ३००० |
| | पशु आहर बिक्री केन्द्र | १५०० |
| | पशु पंछी पालन उद्योग | १५०० |
| ४१ | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | १००० |
| | मैन बत्ती उद्योग | १००० |
| | टिकी उद्योग | ५०० |
| | अचार उद्योग | ५०० |
| | अन्य कूटिर उद्योग | ५०० |
| ४२ | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| | कपडा उद्योग | ४००० |
| | गारमेन्ट उद्योग | ३००० |
| | ज्याकेट तथा ब्याग उद्योग | २५०० |
| | होजियारी तथा धागो उद्योग | २००० |
| | सिरक डसना उद्योग/पसल | १५०० |
| | ढाका उद्योग श्रेणी क | १५०० |
| | ढाका उद्योग श्रेणी ख | १००० |
| ४३ | **छाता ,सलाई उद्योग** | |
| | सलाई उद्योग श्रेणी क | ३००० |
| | सलाई उद्योग श्रेणी ख | २००० |

| | | |
|---|---|---|
| | छाता उद्योग श्रेणी क | २००० |
| | छाता उद्योग श्रेणी ख | १५०० |
| **४४** | **पेय पदार्थ उत्पादन उद्योग,** | |
| | मिनरल वाटर उद्योग | ३५०० |
| | पिउने पानी सप्लायर्स | २५०० |
| | आइस बरफ उद्योग | २००० |
| | आइसक्रीम उद्योग | १५०० |
| | सोडा उद्योग | १००० |
| **४५** | **भांडा उद्योग** | |
| | कांस,तामा, पित्तल, भाडा उद्योग | ३००० |
| | आल्मुनियम भाडा उद्योग | २००० |
| | पलास्टीक भाडा उद्योग | २००० |
| | टिनको वाकस,वाल्टी,स्टोभ | १५०० |
| **४६** | **कूटानी, पेलानी मिल** | |
| | फलावर मिल | ४००० |
| | सेलर मिल | ३००० |
| | कूटानी, पेलानी मिल (हलर समेत) | १५०० |
| | चिउरा मिल | ३००० |
| | मसला उद्योग | १५०० |
| ४७ | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा विक्रि पसल | २५०० |
| | डेरी विक्रि पसल | १५०० |
| ४८ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी क | ४००० |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी ख | ३००० |
| | कन्फेक्सनरी उद्योग श्रेणी क | २५०० |
| | कन्फेक्सनरी उद्योग श्रेणी ख | २००० |
| | विस्कुट उद्योग श्रेणी क | २५०० |
| | विस्कुट उद्योग श्रेणी ख | २००० |
| | दालमोठ उद्योग | १५०० |
| ४९ | **रिकण्डिसन उद्योग** | |
| | फलाम कृषि औजार उद्योग | २५०० |
| | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | २००० |
| **उर्जा मूलक उद्योग** | | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन क. | ५००० |
| | वायो ग्यास उद्योग | ४००० |
| | सौर्यशक्ति उत्पादन उधोग | ३००० |
| | मर्मत संमार पार्ट बिक्री | २००० |
| **कृषि तथा बनजन्य उद्योग** | | |
| | कृषी तथा पशूपंछि फर्म | ३००० |
| | समिल/प्लाइउड उद्योग | ५००० |
| | काठ विक्री डिपो | ४००० |
| | काठको फर्निचर उद्योग,/शोरुम | ३००० |
| | काठको फर्निचर शोरुम, | २००० |
| | बेतबांसको उद्योग/व्याम्बो शोरुम | १५०० |
| **खनिज उद्योग** | | |
| ५२ | **कंक्रिट उद्योग** | |
| | कंक्रिट व्लक | ३००० |
| | सेनेटरी उद्योग तथा व्यवसाय | २५०० |

| | | |
|---|---|---|
| | क्रेसर उद्योग/ईटा उद्योग | ७००० |
| **पर्यटन उद्योग** | | |
| ५३ | **होटल लज एण्ड रेष्टुरेण्ट** | |
| | पार्टी प्यालेस | ५००० |
| | होटल लज एण्ड रेष्टुरेण्ट | ५००० |
| | होटल एण्ड लज श्रेणी क | ४००० |
| | होटल एण्ड लज श्रेणी ख | ३५०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी क | ३५०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी ख | २५०० |
| | दोहरी सांझ | २००० |
| | फास्टफुट तथा क्याफे | २००० |
| | रेष्टुरेण्ट | २००० |
| | होटल,भोजनालय | २००० |
| ५४ | **मिष्ठान/क्याटरिङ्ग पसल** | |
| | मिष्ठान/क्याटरिङ्ग पसल | ३५०० |
| | मिष्ठान पसल श्रेणी क | २५०० |
| | मिष्ठान पसल श्रेणी ख | २००० |
| | क्याटरिङ्ग | १५०० |
| | चिया तथा कफि पसल | ७०० |
| ५५ | **टेण्ट हाउस** | |
| | विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेण्ट हाउस | ३५०० |
| | विजुली डेकोरेशन सहितको टेण्ट हाउस | २००० |
| | विजुली डेकोरेशन रहितको टेण्ट हाउस | १५०० |
| | टेण्ड हाउस | १५०० |
| **सेवा उद्योग** | | |
| ५६ | **छापाखाना** | |
| | अफसेट प्रेस | २५०० |
| | स्क्रिन प्रिन्ट प्रेश | २००० |
| | लेटर प्रिन्ट प्रेश | १५०० |
| ५७ | **सिनेमा हल** | |
| | सिनेमा हल | ४००० |
| | फिल्म डिस्ट्रिव्यूटर्स | ३००० |
| ५८ | **कलरल्याव सेवा** | |
| | कलरल्याव सेवा | ३००० |
| | भिडियो मिक्सिङ | २५०० |
| | फोटो स्टुडियो सेवा | २००० |
| **संचार सेवा** | | |
| | टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई | १०००० |
| | टि.भि. च्यानल प्रशारण सेवा | ५००० |
| | केबुल च्यानल प्रशारण सेवा | ५००० |
| | एफ.एम.प्रशारण सेवा | २५०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १५०० |
| ६० | **कम्यूनिकेशन सेवा** | |
| | टुर एन्ड टाभल्स सेवा/बूकिंग काउन्टर सेवा | २००० |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १५०० |
| | कूरियर सेवाको मुख्य कार्यालय | १५०० |
| | कूरियर सेवाको शाखा कार्यालय | १००० |
| **बित्तीय सेवा** | | |
| ६१ | बाणिज्य बैंक मुख्य कार्यालय | २०००० |

| | | |
|---|---|---|
| | वाणिज्य बैंक प्रति शाखा कार्यालय | १५००० |
| | बिकास बैंक मुख्य कार्यालय | २०००० |
| | विकास बैंकप्रति शाखा कार्यालय | १५००० |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | २०००० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ९००० |
| | लघूवित्त कम्पनीहरु | ५००० |
| | विमा कम्पनीहरु | ७००० |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | २००० |
| | वित्तीय सहकारी संस्था | २००० |
| **स्वास्थ सेवा** | | |
| ६२ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| | गैह्र सरकारी अस्पताल | ४००० |
| | नर्सिङ्गहोम | ३५०० |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | २५०० |
| | पोली क्लिनिक | २००० |
| | प्याथोलोजी (दिशा,पिसाव,रगत,जांच) क्लिनिक | २००० |
| | अक्यूपन्चर,फिजियो थेरापी, स्वास्थ क्लिनिक | १५०० |
| | एक्सरे क्लिनिक | १५०० |
| | चश्मा पसल | १५०० |
| **शिक्षा सेवा** | | |
| ६३ | **निजी शिक्षालय** | |
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | ३००० |
| | माध्यमिक विद्यालय | २००० |
| | निम्न माध्यमिक विद्यालय | १५०० |
| | प्राथमिक विद्यालय / मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | १००० |
| | छात्र / छात्रावास | १५०० |
| ६४ | **इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र** | |
| | पोली टेक्निकल इन्स्टिच्यूट, प्रशिक्षण समेत | २००० |
| | नर्सिङ्ग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | २००० |
| | एजूकेशनल कन्सल्टेन्सी सेवा | १५०० |
| | कम्प्युटर/ईलेक्ट्रो.तालिम केन्द्र | १५०० |
| | सवारी चालक तालीम केन्द्र | १५०० |
| | भाषा शिक्षा इन्स्टिच्यूट,कोचिङ्ग सेन्टर | १५०० |
| ६५ | **अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु** | |
| | अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने) | ३००० |
| | राष्ट्रिय संस्था | २५०० |
| **मर्मत तथा संभार सेवा** | | |
| ६६ | **बोडी विल्डर्स सेक्सन तर्फ** | |
| | नयां बोडी बनाउने श्रेणी क | ५००० |
| | नयां बोडी बनाउने श्रेणी ख | ४००० |
| | बोडी मर्मत गर्ने | ३००० |
| ६७ | **लेथ सेक्सन तर्फ** | |
| | लेथ सेक्सन श्रेणी क | ३००० |
| | लेथ सेक्सन श्रेणी ख | २००० |
| | लेथ सेक्सन श्रेणी ग | १५०० |
| ६८ | **टायर सेक्सन तर्फ** | |
| | टायर डिलर शोरुम | २५०० |
| | टायर रिसोलिङ्ग श्रेणी क | २००० |
| | टायर रिसोलिङ्ग श्रेणी ख | १५०० |
| | टायर पन्चर मर्मत | १००० |

| | | |
|---|---|---|
| ६९ | **ईन्जिन मर्मत सेक्सन तर्फ** | |
| | ईन्जिन मर्मत श्रेणी क | ३००० |
| | ईन्जिन मर्मत श्रेणी ख | २००० |
| | ईन्जिन मर्मत श्रेणी ग | १५०० |
| ७० | **पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिंग सेक्सन तर्फ** | |
| | डेन्टिङ्ग/पेन्टिङ्ग/वेल्डिङ्ग सेवा | २००० |
| | डेन्टिङ्ग सेवा | १५०० |
| | पेन्टिङ्ग सेवा | १५०० |
| | वेल्डिङ्ग सेवा | १५०० |
| ७१ | **पम्प सेक्सन मर्मत तर्फ** | |
| | पम्प सेक्सन मर्मत श्रेणी क | २५०० |
| | पम्प सेक्सन मर्मत श्रेणी ख | २००० |
| ७२ | **व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क | २००० |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख | १५०० |
| ७३ | **वासिङ्ग सेक्सन तर्फ श्रेणी** | |
| | वासिङ्ग सेक्सन श्रेणी क | २००० |
| | वासिङ्ग सेक्सन श्रेणी ख | १५०० |
| ७४ | **रिक्सा, साइकिल** | |
| | रिक्सा साइकिल बिक्री पसल | २००० |
| | रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल | १५०० |
| ७५ | **अटो सम्बन्धी अन्य सेवा** | |
| | मोटर साइकल मर्मत | २५०० |
| | कमानी पट्टा मर्मत | १५०० |
| | रेडियटर मर्मत | ८०० |
| | सिट मेकिंग तथा ग्रिसिंग सेवा | ८०० |
| | हेड मर्मत सेक्सन | ८०० |
| ७६ | **अन्य मर्मत सेवा** | |
| | टि.भी.,डेक,फ्रिज,कम्प्यूटर, मर्मत पसल | २००० |
| | मोर्वाइल मर्मत पसल | १५०० |
| | रेडियो, घडी मर्मत पसल | ५०० |
| | अन्य मर्मत पसल | ५०० |
| ७७ | **हेभिइक्यूवमेन्ट तथा कवार्ड पसल** | |
| | हेभिइक्यूवमेन्ट खरीद/बिक्री श्रेणी क | ५००० |
| | हेभिइक्यूवमेन्ट खरीद/बिक्री श्रेणी ख | ३५०० |
| | अन्य कवार्ड खरिद बिक्री | २५०० |
| **अन्य सेवा** | | |
| ७८ | **वैदेशिक रोजगार सेवा परामर्श दाता** | |
| | वैदेशिक रोजगार सेवा परामर्श दाता | ४००० |
| | वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | ३००० |
| | सेवा परामर्श दाता | २००० |
| | श्रमिक सेवा परामर्श दाता | १००० |
| | सामान सहित श्रमिक सेवा परामर्श दाता | २००० |
| ७९ | **ड्राइक्लिनिक,सैलून तथा ब्यूटीपार्लर** | |
| | ब्यूटी पार्लर सेवा ब्यूटिशियन तालिम सहितको | २००० |
| | ब्यूटी पार्लर सेवा | १५०० |
| | ब्यूटी पार्लर सेवा सामन्य खालको | १००० |
| | कालिगढ सहितको सैलुन सेवा | १२०० |
| | सैलुन २ सीट सम्मको सैलुन सेवा | १००० |
| | साधारण सैलून | १००० |

| | | |
|---|---|---|
| | ड्राइक्लिनिक सेवा | १००० |
| ८० | **साईन वोर्ड आर्ट व्यवसाय** | |
| | डिजिटल आर्ट ब्यवसाय | २००० |
| | अन्य आर्ट ब्यवसाय | १५०० |
| ८१ | **पशुबधशला** | |
| | पशुबधशला | ३००० |
| | पशुको छाला संकलन तथा विक्रि केन्द्र | २००० |
| ८२ | **माछा, मासू विक्री पसल** | |
| | प्याकिङ माछा,मासु सप्लायर्स | ३००० |
| | माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | २५०० |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | २००० |
| | कुनै एक प्रकारको मासु बिक्री पसल | १००० |
| | ताजा माछा, सिद्रा विक्री पसल | १००० |
| | अण्डा विक्री पसल | १५०० |
| ८३ | **फुल बिरुवा विक्री पसल** | |
| | नर्सरी | १००० |
| | फुल विक्री पसल | ७५० |
| ८४ | **स्नूकर/पूल हाउस** | |
| | स्नुकर तथा पुल दुवै भएको | १५०० |
| | स्नुकर | १००० |
| | पुल हाउस | १००० |
| ८५ | **भांडा पसल, किचन सामाग्री** | |
| | भांडा तथा किचन सामाग्री थोक पसल | ३००० |
| | भांडा तथा किचन खूर्दा पसल क | २००० |
| | साधारण भांडा खुद्रा पसल ख | १५०० |
| ८६ | **खेलौना ,गिफ्ट तथा फोटो प्रेम पसल** | |
| | खेलौना तथा गिफ्ट पसल | १५०० |
| | खेलौना पसल | १२०० |
| | फोटो फ्रेम पसल | १००० |
| ८७ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई पसल श्रेणी क | १५०० |
| | सिलाई पसल श्रेणी ख | १००० |
| | सिलाई पसल श्रेणी ग | ८०० |
| | सिलाई मेसिन मर्मत पसल | ८०० |
| | बूटिक ल्याब्रटोरी | ८०० |
| ८८ | **संगित तथा कला केन्द्र सेवा** | |
| | श्रेणी क | १००० |
| | श्रेणी ख | ८०० |
| ८९ | **घूम्ति हाटवजारमा ब्यावसाय गर्न तथा माथि उल्लेख नभएका ब्यसायिको हकमा** | |
| | फेन्सी तथा कपडा पसल | ८०० |
| | किराना बिसाता एवं भाडा पसल | ५०० |
| | अन्य प्रकृतीका / तथा साना ब्यवसायहरु | ४०० |
| ९० | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| | ठूला उद्योग | ५००० |
| | मझौला उद्योग | ३५०० |
| | साना उद्योग , घरेलु | २००० |
| ९१ | **माथी उल्लेख नभएका अन्य पेशा ब्यवसाय** | |
| | डिस्ट्रीबयुटर्स/थोक पसल | ३५०० |
| | खुद्रा पसल श्रेणी क | २५०० |
| | खुद्रा पसल श्रेणी ख | २००० |

| | | |
|---|---|---|
| | खुद्रा पसल श्रेणी ग | १५०० |
| | सेवा प्रदायक अन्य व्यवसाय | १५०० |

**व्यवसाय दर्ता शुल्क (प्रथम पटकको लागी)**

| ‘‘क“ वर्ग | ‘‘ख“ वर्ग | ‘‘ग“ वर्ग |
|---|---|---|
| रु.७००।- | रु.५००।- | रु.३००।- |

**नोटः** १. पुँजि लगानीको आधारमा रु.३ लाख सम्मलाई “ग”वर्ग, १० लाख सम्मलाई “ख” वर्ग र सोभन्दा माथिलाई “क” वर्ग मानिनेछ।

२.माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म लिने। व्यवसाय कर बक्यौतामा आगामी आ.व. देखी प्रकृति हेरी ५%देखी २५%सम्म जरीवाना लिने।

३. व्यवसाय प्रत्येक वर्ष माथि तोकिए बमोजिम व्यवसायकर तिरेर नविकरण गर्नु पर्नेछ।

**पुनश्च :**यसमा उल्लेखित व्यवसाय वाहेक नगरपालिकामा व्यवसायी र उद्योगीको सहमति अनुसार तिर्ने भनि व्यवस्था गरिएको रकममा नघटने गरी कर अशुली गरिने व्यवस्था कायम गरीने छ। वातावरण प्रदुशण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग आपसी सहमतिमा निश्चीत रकम पर्यावरण शुल्क वापत अशुल गरिने छ।

**लालबन्दी नगरपालिका**

**जडिबुटी, कवाडी, र जीवजन्तु कर**

अनुसूची-४

| सि.नं. | विवरण | दर रेट |
|---|---|---|
| १ | व्यवसायको प्रकृति हेरी (प्रतिटिप) | रू.१०००।- देखी २०,०००।-सम्म |

**नोट :** वस्तु वर्गिकरण र करको दररेटको अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**लालबन्दी नगरपालिका**
**सवारी साधन कर**
अनुसूची–५

## सवारी दर्ता तथा वार्षिक सवारी करः

| सि. न. | सवारीको प्रकार(दर्ता तथा नविकरण) | चालु आ.व. २०७४/०७५ का लागी दररेट |
|---|---|---|
| १ | वस, ट्रक, लहरी | रु.१०००।- |
| २ | भाडाका कार,जिप,माइक्रो वस | रु.३००।- |
| ३ | निजि कार, टेम्पो, | रु.२००।- |
| ४ | मिनिवस/मिनिट्रक/ट्रयाकटर | रु.५००।- |
| ५ | स्कुटर, मोटरसाईकल, आदी | रु.१००।- |
| ६ | पावरटेलर | रु.१५०।- |
| ७ | विद्युतिय रिक्सा | रु.१०००।- |
| ८ | ठेलागाडा, रिक्सा | रु.१००।- |
| ९ | एक्जाभेटर/डोजर/ट्रिपर | रु.२०००।- |

# लालबन्दी नगरपालिका
# विज्ञापन कर
अनुसूची-६

**विज्ञापन कर :**

| सि.न. | प्रकार | करको दर वार्षिक | कैफीयत |
|---|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. | रु.५०।- | |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फि. | रु.५।- | |
| ३ | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु.३०००।- | |

**लालबन्दी नगरपालिका**
**मनोरन्जन कर**
अनुसूची-७

**मनोरन्जन कर**

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | सिनेमाहलको लागि वार्षिक | रु.५०,०००।- |
| २ | केबल व्यवसाय वार्षिक | रु.५०००।- |
| ३ | सर्कस देखाउनेलाई दैनिक | रु.३००।- |
| ४ | विषेश मेला/महोत्सवमा राखिने मनोरञ्जनका साधनहरुलाई अनुमति दिंदा प्रकृति हेरी प्रति आईटम दैनिकरु.५००। वा एकमुष्ट रु.२०००। देखी रु.५०००। का दरले अग्रीम बुझाउनु पर्ने। | |

**लालबन्दी नगरपालिका**
**बहाल विटौरी शुल्क**
अनुसूची-८

**बहाल विटौरी शुल्कः**

| सि. नं. | विवरण | वार्षिक रकम रु. | मासिक |
|---|---|---|---|
| १ | सडक क्षेत्र, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी | ५००० | ५०० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | २०० | २५ |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी वडा नं. ३,४,५,६ र ७ को लागी प्रति कठ्ठा | ५० | - |
| ४ | कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा | २५ | - |
| ५ | बजारमा अस्थाई घुम्ती वा स्टल / गाडीमा राखी सेवा प्रदान गर्नेलाई दैनिक रु.२००।- | | |

- नगरपालिका क्षेत्र भित्रका जग्गा तथा घरहरु वहालमा लगाएका धनीसंग वर्ष भरीको वहाल रकमको कार्यालय, संस्था र व्यापारिक प्रयोजनका लागी बहालमा दिएको भएमा सम्झौता बमोजिमको रकममा सयकडा **२(दुई) प्रतिशत** र आवासिय प्रयोजनको लागी भएमा **१(एक) प्रतिशतका**दरले वहाल कर लिइनेछ । विदेश अध्ययन गर्न जाने विद्यार्थीको लागी आयश्रोत प्रमाणितको लागी **५०प्रतिशत** छुट दिईनेछ । घर जग्गा वहालकर एकीकृत सम्पति कर, मालपोत वा आयश्रोत प्रमाणित दस्तुर दाखिला गर्न आउंदा वुझाउनु पर्नेछ ।

**लालबन्दी नगरपालिका**
**पार्किङ्ग शुल्क**
अनुसूची-९

## सवारी पार्किङ शूल्क :

नगरपालिकाले आफुले व्यवस्था गरेको सवारी पार्किङ्ग स्थलमा एक पटकमा निम्नानुसार पटके पार्किङ्ग शुल्क लिने ।

| सि.नं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | वस, ट्रक, मिनिवस, ट्र्याक्टर | रु.३०।- | |
| २ | हल्का सवारी साधनमा | रु.१५।- | |
| ३ | मोटर साईकल | रु.१०।- | |

- तिन घण्टा भन्दा बढी समय सम्म पार्किङ्ग गरेमा प्रतिघण्टा पटके शुल्कको आधा रकमको दरले थप शुल्क लाग्नेछ ।

**लालबन्दी नगरपालिका**

ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :

**अनुसूची-१०**

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :**

| |
|---|
| १. नगर कार्यपालिकाले स्विकृत गरी तोके बमोजिमको दरमा ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क असुल गरिने छ । |

**लालबन्दी नगरपालिका**
**सेवा शुल्क, दस्तुर**
अनुसूची-११

## अन्य सेवा शूल्कको दर :

| सि.न. | सेवाको किसिम | दर | कैफीयत |
|---|---|---|---|
| १ | घर नक्सापास पुस्तिका | रु.४०० ।- | |
| २ | **सर्जमिन मुचुल्का** | कामको प्रकृति हेरी रु.२००देखी रु.५०० सम्म | |
| ३ | सामुदायिक मध्यस्थ सेवा | रु.१००/- | |
| ४ | रकम कलम उठाईदिएवापत प्रतिहजार | रु.५।- | |
| ५ | न.पा. हल भाडा प्रति दिन | रु.१५००।- | |
| ६ | ओभरहेड/साउण्ड सिस्टम/मल्टीमिडिया प्रतिदिन प्रतिआईटम | रु.७०० ।- | |
| ७ | सबै खाले निवेदन फारमहरु प्रतिगोटा | रु.१० ।- | |
| ८ | हरेक निवेदनको दर्ता शुल्क प्रतिगोटा | रु.१० ।- | |
| ९ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु.२५०।-/रु.२५०।- | |
| १० | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु.१०० ।- | |
| ११ | न.पा. को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | रु.५० ।- | |
| १२ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | रु.२०० ।- | |
| १३ | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | रु.१०० ।- | |
| १४ | टो.वि.स. दर्ता शुल्क/नविकरण | रु.५० ।- | |
| १५ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु.१०० ।- | |
| १६ | स्थलगत प्राविधिक सेवा शुल्क | रु.५०० ।- | |
| १७ | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | रु.१००० ।- | |
| १८ | घर खालि गर्ने | रु.५००।- | |
| १९ | साँधसिमाना छुट्याउने पहिलो कित्ताको लागि | रु.५००।- | |
| | त्यसपछि ५ कट्ठा सम्म क्षेत्रफल भएको थप प्रतिकित्ता | रु.२००।- | |
| | ५ कट्ठा भन्दा बढी क्षेत्रफल भएको थप प्रतिकित्ता | ४०० | |
| २० | **पुर्वाधार उपयोग शुल्क** | | |
| | क) पक्की सडक क्षेत्र (मासिक) | रु.१००० ।- | आवागमनमा वाधा पर्ने गरी पुर्वाधार उपयोग गर्न पाईने छैन । |
| | ख) कच्ची सडक क्षेत्र (मासिक) | रु.५०० ।- | |

## विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरहरु :

| सि.नं | सेवाको किसिम | दर | कैफीयत |
|---|---|---|---|
| १ | **घरबाटो तथा चौहद्दी प्रमाणित** | | |
| | आवाशिय क्षेत्र(राजमार्ग/पक्की सडक) | रु.५००।-थप प्रति कित्ता रु. १००।- | |
| | आवाशिय क्षेत्र (कच्चि सडक) | रु.४००।-थप प्रति कित्ता रु.१००।- | |
| | **कृषी तथा अन्य क्षेत्र** | | |
| | क) बाटो भएको | रु.३००।- थप प्रति कित्ता रु. ५०।- | |
| | ख) बाटो नभएको | रु.२००।- थप प्रति कित्ता रु. ५०।- | |
| २ | नागरिकता प्रमाणत्रको सिफारिस | रु.५०।- बंशज | |
| | | रु.५००।- अंगिकृत | |
| | | रु.१००।- प्रतिलिपी सिफारिस | |
| ३ | जग्गा नामसारी सिफारिस | रु.३००।- | |
| ४ | नाम,थर संशोधन सिफारिस | रु.१००।- | |
| ५ | घर कायम सिफारिस (पक्की घर) | रु.१०००।- | |
| ६ | घर कायम सिफारिस (कच्ची घर) | रु.३००।- | |
| ७ | घर नक्सा नामसारी पक्की दूई तल्ला भन्दा बढीको लागि | रु.१५००।- | |
| ८ | पक्की घर १ तले नक्सा नामसारी | रु.१०००।- | |
| ९ | कच्ची घर (ढुंगा माटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | रु.५००।- | |
| १० | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | रु.२००।- | |
| ११ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क/प्रतिलिपी दस्तुर | रु.५०।- | |
| १२ | **विद्युत जडानको सिफारिस दस्तुर** | | |
| | क) आवासिय/कृषि प्रयोजन | रु.१००।- | |
| | ख) व्यापारिक प्रयोजनको लागि | रु.५००।- | |
| | ग) ३ फेज लाईन जडान सिफारिस | रु.१०००।- | |
| १३ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | रु.१००।- | |
| १४ | बैदेशिक रोजगारको लागि सिफारिस | रु.२००।- | |
| १५ | परिवार ल्याएको/लगेको सिफरिस | रु.३००।- | |
| १६ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | रु.१०००।- | |
| १७ | **नाता प्रमाणीत दस्तुर** | | |
| | मृतक संग | रु.१००।- | |
| | अन्य | रु.२००।- | |
| १८ | वसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | रु.१०००।- | |
| १९ | वसोवास प्रमाणित (स्वेदेशी प्रयोजन) | रु.२००।- | |
| २० | नाफामूलक सस्थां दर्ता/नविकरण सिफारिस | रु.५००।- | |
| २१ | सेवामूलक संस्था दर्ता/स्वेदेशी प्रयोजन | रु.३००।- | |
| २२ | निजी विद्यालय सञ्चालनको सिफारिस | रु.३०००।- | |
| २३ | निजी विद्यालय कक्षाथप/स्तरबृद्धिको सिफारिस | रु.१०००।- | |
| २४ | मोही नामसारी सिफारिस | रु.२००।- | |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | रु.१००००।- | |

| | | | |
|---|---|---|---|
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | रु.५०००।- | |
| २७ | **साना तथा घरेलु उद्योग स्थापनाको सिफारिस** | | |
| | साना उद्योग | रु.१०००।- | |
| | घरेलु उद्योग | रु.५००।- | |
| २८ | नेपाली पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु.१०००।- | |
| २९ | भारतीय पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु.१५००।- | |
| ३० | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | रु.५०००।- | |
| ३१ | अपुताली सिफारिस (नेपालको लागी) | रु.५०००।- | |
| ३२ | अपुताली सिफारिस (विदेशको लागि) | रु.१५०००।- | |
| ३३ | जन्म, मृत्यू, विवाह, प्रमाणित तथा सिफारिस | रु.१००।- | |
| ३४ | उल्लेखित बाहेकका अन्य प्रमाणित तथा सिफारिस | रु.१००।- | |
| ३५ | अंग्रेजी सिफारिस प्रति आइटम | रु.३००।- | |
| ३६ | **रुख कटान सिफारीस** | | |
| | क) ५० बोट सम्म | रु.२००।- | |
| | ख)१०० वोट सम्म | रु.५००।- | |
| | ग)५०० बोट सम्म | रु.१५००।- | |
| | घ)१००० वोट सम्म | रु.२५००।- | |
| | ङ)१००० भन्दा वढिको लागि | रु.५०००।- | |
| ३७ | सबै लक्षितबर्ग प्रमाणित तथा सिफारिसहरु | रु.५०।- | |
| ३८ | टिकट दस्तुर | रु.१०।- (टिकट नभएमा मात्र) | |
| ३९ | छुट जग्गा दर्ता सिफारिस | १ कठासम्म रु.५००।-सोभन्दा वढी प्रति कठा रु. १००।- | |
| ४० | ट्रान्सफरमर जडान/ठाउंसारी सिफारिस | रु १०००/- | |
| ४१ | भारत प्रवेशाज्ञा सिफारिस | रु २००/- | |
| ४२ | **जग्गा प्लटिङ्ग अनुमति** | | |
| | ५ कठ्ठा सम्म | रु.३०००/- | |
| | १० कठ्ठा सम्म | रु.५०००/- | |
| | सो भन्दा माथि थप प्रतिकठ्ठा | रु.३००/- | |

**लालबन्दी नगरपालिका**
**पर्यटन शुल्क**
अनुसूची-१२

**पर्यटन शुल्क :**

| |
|---|
| १. नगर कार्यपालिकाले आगामी दिनमा स्विकृत गरी तोके बमोजिमको दरमा पर्यटन शुल्क असुल गरिने छ । |

## लालबन्दी नगरपालिका
## जग्गा प्लटिङ्ग
अनुसूची-१३

**जग्गा प्लटिङ्ग अनुमति**

| सि.नं. | विवरण | दररेट रु. |
|---|---|---|
| १ | ५ कठ्ठा सम्म | रु.३०००/- |
| २ | ५ देखी १० कठ्ठा सम्म | रु.५०००/- |
| ३ | सो भन्दा माथि थप प्रतिकठ्ठा | रु.३००/- |

**नोट** : १. यस नगरपालिकाको जग्गा प्लटिङ्ग गर्दा नगरपालिकाको अनुमति नलिई गर्ने व्यक्ति, संघ संस्थाहरूलाई शत प्रतिशत जरिवाना लाग्ने छ ।

२. प्लटिङ्ग गर्दा नक्सामा राजकुलो देखिएको स्थानहरूमा राजकुलोको व्यवस्थापन स्वयं प्लटिङ्ग गर्ने व्यक्ति वा संघ संस्थाले गर्नु पर्नेछ ।

# लालबन्दी नगरपालिका
## नक्सापास दस्तुर
अनुसूची-१४

## नक्सा पास दस्तुर

| सि.नं. | विवरण | व्यापारीक क्षेत्र प्रति वर्ग फिट रु. | आवाशिय क्षेत्र प्रति वर्गफिट रु. |
|---|---|---|---|
| | | **२०७४/०७५** | **२०७४/०७५** |
| १ | **आर.सी.सी. फ्रेम स्ट्रक्चर** | | |
| | क) भूई तल्ला | १।५० | १।०० |
| | ख) प्रथम तल्ला | २।०० | १।५० |
| | ग) दोस्रो तल्ला तथा सो भन्दा माथि | २।५० | २।०० |
| २ | **इंटा, ढूंगा, ब्लक, ट्रेस टिन / टायलको छाना** | | |
| | क) भूई तल्ला | १।०० | ०।७५ |
| | ख) प्रथम तल्ला | १।२५ | १।०० |
| | ग) दोस्रो तल्ला तथा सो भन्दा माथि | १।५० | १।५० |
| ३ | कम्पाउण्ड वाल | १।०० | ०।५० |
| ४ | पुरानो घर अभिलेखीकरण प्रमाणपत्र | पक्की रु.५००।- र कच्ची रु.२००।- | |

**नोटः** पुरानो घरको नक्सापास/अभिलेखीकरण गर्दा उपरोक्तानुसार लाग्ने दस्तुरमा **५० प्रतिशत** छुट दिईनेछासाथै पुरानो घर अभिलेखिकरणको लागि साईड प्लान र लोकेशन प्लान अनिवार्य पेश गर्नु पर्नेछ।

**लालबन्दी नगरपालिका**
**सरसफाई शुल्क**
अनुसूची-१५

## सरसफाई सेवा शुल्क :

**घरको आधारमा लाग्ने :**

क) एकतला घरको मासिक रु.६०।- वा वार्षिक रु. ६००।- सरसफाई शुल्क लिने ।

ख )दुई तल्ला घरको मासिक रु.१००।- वा वार्षिक रु.१०००।-

ग) तिन तल्ला वा सो भन्दा माथिको मासिक रु.१५०।- वा वार्षिक रु.१५००।-

**व्यवसायमा लाग्ने :**

क) उद्योग, रिसोर्ट,ग्यारेज, अटो वर्कशप, निजी अस्पताल, नरसिङ्गहोम मासिक रु.५००।- वा वार्षिक रु.५०००।-

ख) क, ख र ग श्रेणीको होटलको क्रमश मासिक रु.२५०।-, रु.१५०।-, र रु.१००।- वा वार्षिक क्रमशः रु.२५००।-, रु.१५००।-, रु.१०००।-

ग) थोक पसल, डिलर आदिमा मासिक रु.१५०।- वा वार्षिक रु.१५००।-

घ) मध्यम स्तरका पसल, व्यवसाय आदिमा मासिक रु.१००।- वा वार्षिक रु.१०००।-

ङ ) निम्न स्तरका व्यापार, व्यवसाय, आदिमा मासिक रु.५०।- वा वार्षिक रु.५००।-

च) उद्योगहरु गल्ला गद्दी, मील र अन्य उद्योग-कपास, पाउरोटि, कवाडि, आदिमा मासिक रु.२००।- वा वार्षिकरु.२०००।-

छ) गल्ला गद्दी, मील र अन्य उद्योग-कपास, पाउरोटि, कवाडि, आदिमा मासिक रु.१५०।- वा वार्षिक रु.१५००।-

ज) गाडिका अटो सो-रुम, ग्यारेज वर्कसपका लागि मासिक रु.३००।- वा वार्षिक रु.३०००।-

झ)यस बाहेक अन्य उद्योग, प्रतिष्ठान, व्यापारिक भवन, विद्यालय, महा विद्यालय लगाएतका अन्य सेवा प्रदायक संस्थाहरुको सेवा शुल्क नगरपालिकाको समन्वयमा सम्बन्धित संस्था तथा निकाय र साझेदार संस्था बिच आपसी छलफल तथा सहमतिको आधारमा निर्धारण गरिने छ । उपरोक्त अनुसारको सेवाशुल्कमा प्रत्येक वर्षमा बढिमा १० प्रतिशत वृद्धि गर्न पाउनेछ ।

**लालबन्दी नगरपालिका**
**भाडा दस्तुर**
अनुसूची-१६

## नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडादर :

| सि.नं. | विवरण | रकमरु. | कैफियत |
|---|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर | ५००.०० | |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ७००.०० | |
| ३ | ह्वाइट र सफ्ट बोर्ड प्रति सेट | २००.०० | |
| ४ | लालबन्दी न.पा.को सभाहल | १५००.०० | |
| ५ | लेबल मेसिन प्रतिदिन | ५००.०० | |

## टिप्पर भाडा महशुलः

## उपभोक्ता समितिको हकमा :-

| सि.नं. | विवरण | प्रतिघन्टा रु. | प्रति सिफ्ट रु | कैफियत |
|---|---|---|---|---|
| १ | **टिप्पर** | ४०० | ३००० | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ। भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबूक भरेका आधारमा लागू हुनेछ। न.पा.को काममा उपभोक्ताबाट प्रयोग हुदां १० घन्टाको एक सिफ्ट हुनेछ। |
| २ | **स्काभेटर** | १००० | ७००० | |

***नोटः***- उल्लेखित साधन प्रयोग गर्दा लाग्ने इन्धन, ढुवानी भाडा तथा अपरेटर र हेल्परको खुराकी खर्चको व्यवस्था भाडामा लैजानेले नै मिलाउनू पर्नेछ।

## सर्वसाधरण तथा व्यक्तिगत प्रयोजनको हकमा :-

| सि.नं. | विवरण | प्रतिघन्टा रु. | कैफियत |
|---|---|---|---|
| १ | **स्काभेटर** | २२०० | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ। भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबूक भरेका आधारमा लागू हुनेछ। ढुवानी भाडा तथा अपरेटर र हेल्परको खुराकी खर्चको व्यवस्था भाडामा लैजानेले नै मिलाउनू पर्नेछ। |

**लालबन्दी नगरपालिका**
**दण्ड जरिवाना**
अनुसूची-१७

**दण्ड जरिवाना :**

१. नगरपालिकाले तोकेको नियम कानून विपरित कार्य गर्ने व्यक्ती तथा संस्थाहरूलाई कार्यपालिकाको निर्णय बमोजिमको दण्ड जरिवाना गरिनेछ ।

२. प्रचलित कानूनमा तोकेको दण्ड जरिवाना सोही अनुसार हुनेछ ।

**लालबन्दी नगरपालिका**
**अन्य कर, दस्तुर, सेवा शुल्कहरू**
अनुसूची-१८

**अन्य कर, दस्तुर, सेवा शुल्कहरू :**
**एकिकृत सम्पति कर को शुरुवात नभए सम्मको लागी घर जग्गा कर :**

| सि.न. | कारोवार | कर % | कैफीयत |
|---|---|---|---|
| १ | १० लाख सम्म | नलाग्ने | |
| २ | त्यसपछिको रु. १० लाख सम्म | एकमुष्ट रु.३००।- | |
| ३ | त्यसपछिको रु.३० लाख सम्म | ०.०५ % | |
| ४ | त्यसपछिको रु. ५० लाख सम्म | ०.२५ % | |
| ५ | त्यसपछिको रु.१ करोड सम्म | ०.५ % | |
| ६ | त्यसपछिको बाकिँ रकममा | १.५ % | |

**पटके सवारी कर**

| सि.न. | सवारीको प्रकार(दर्ता तथा नविकरण) | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | विदेशी टेलर, लहरी | ५०० | |
| २ | विदेशी बस, ट्रक | ३०० | |
| ३ | विदेशी मिनि बस / मिनिट्रक | १५० | |
| ४ | विदेशी जिप/कार | १०० | |
| ५ | बस/ट्रक/मिनि बस/ मिनिट्रक/ट्रयाक्टर | २० | |
| ६ | जिप/कार/पावरटेलर/विद्युतिय रिक्सा | १० | |
| ७ | ठेलागाडा/रिक्सा | ५ | |

**एकीकृत सम्पत्ति कर :**

घ. एकिकृत सम्पत्ति कर आगामी आ.व. २०७५/०७६ देखी लागु हुनेछ, एकिकृत सम्पत्तिकर लागु भए पश्चात मालपोत तथा भुमिकर स्वतः रद्द हुनेछ ।

## अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

### अचल सम्पति मूल्याँकन :-

| सि.न. | विवरण | रकम रु. |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | २००।- |
| २ | ५ लाख १देखी १० लाख सम्मको लागि | ३००।- |
| ३. | १० लाख १ देखी २० लाख सम्मको लागि | ५००।- |
| ४ | २० लाख १ देखी ३५ लाख सम्मको लागि | १०००।- |
| ५ | ३५लाख १ देखी ५० लाख सम्मको लागि | १५००।- |
| ६ | ५० लाख १ देखी ७५ लाख सम्मको लागि | २०००।- |
| ७ | ५० लाख १देखी १ करोड सम्मको लागि | ३०००।- |
| ८ | सो भन्दा माथिको लागी प्रति लाख | ५०।- |

वैदेशिक अध्ययन प्रयोजनका लागि लाग्ने रु.१ करोड भन्दा माथिको शुल्कमा ५० प्रतिशत छुट दिईनेछ ।

### आयश्रोत प्रमाणित :-

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | २ लाख सम्म | २००।- |
| २ | २ लाख १देखी १० लाख सम्म | ५००।- |
| ३. | १० लाख १ देखी २० लाख सम्मका | ७००।- |
| ४ | २० लाख १ देखी ५० लाख सम्म | १०००।- |
| ५ | ५० लाख १ देखी ७५ लाख सम्म | १२००।- |
| ६ | ७५ लाख १देखी १ करोड सम्म | १५००।- |
| ८ | सो भन्दा माथि | २०००।- |

### सार्वजनिक शौचालय उपयोग सेवा शुल्क (प्रति पटक) :-

| सि.नं. | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पिसाब गर्दा प्रति व्यक्ति | ३।०० | |
| २ | दिशा गर्दा प्रति व्यक्ति | ५।०० | |
| ३ | नुहाउंदा प्रति व्यक्ति | १०।०० | |

**लालबन्दी को मुख्य हाट बजार तथा तरकारी बजारमा लगाईने सेवा शुल्क :-**
**डुमडुमे तरकारी बजारको दररेट :**

**आ.ब.२०७४/७५ का लागी डुमडुमे तरकारी बजारको दररेट :**

| सि.नं | विवरण | साविक दररेट रू. | हालको दररेट रू. | कैफियत |
|---|---|---|---|---|
| १ | भाँगा ठुलो १०० के.जि. सम्म | ३० | ३५ | |
| २ | भाँगा सानो ५० के.जि. देखी ९९ के.जि. सम्म | २५ | ३० | |
| ३ | तरकारी प्रतिबोरा | २० | २३ | |
| ४ | टमाटर क्रेट भक्कु | १५ | १७ | |
| ५ | टमाटर क्रेट सानो | १० | १२ | |
| ६ | प्रचुन सानो | ५ | ५ | |
| ७ | माछा प्रति टोकरी | १० | १२ | |
| ८ | मिट्ठा निकाशी पैठारी प्रति चक्की | ३ | ५ | |
| ९ | खाली छिट्टी | १ | १ | |
| १० | नगरपालिका वरिपरिको रकम पल्ला | १० | १२ | |
| ११ | आलु, प्याज प्रति क्युन्टल | ३ | ३ | |
| १२ | उन धागो रूवा निकाशी पैठारी | २० | २२ | |
| १३ | फलफुल निकाशी पैठारी प्रतिट्रक ठुलो | १००० | ११०० | |
| १४ | फलफुल निकाशी पैठारी प्रतिट्रक सानो | ५०० | ५५० | |
| १५ | निवुवा कागती निकाशी पैठारी प्रति भाँगा | ३० | ३३ | |
| १६ | तेजपत्ता प्रतिबोरा | १० | १२ | |
| १७ | जाँतो सिलौटा प्रतिगोटा | २ | २ | |
| १८ | माटोको भाँडा | १०० | ११० | |
| १९ | कुचो प्रति वण्डल | २५ | २८ | |
| २० | छाता, जुत्ता, घडि टर्च समेत | १० | ११ | |
| २१ | व्याट्री प्रति कार्टुन | ६ | ७ | |
| २२ | सिलवर, स्टिल प्रति भाँगा | २५ | २७ | |
| २३ | कुचो निकाशी प्रति कार्टुन | २५ पैसा | २५ पैसा | |
| २४ | कुखुरा निकाशी पैठारी | २ | २ | |
| २५ | फलफुल निकाशी पैठारी प्रति कार्टुन | ५ | ५ | |
| २६ | चप्पल निकाशी पैठारी | ५ | ५ | |
| २७ | राँगा काटेर बेच्ने प्रति टाउको | २० | २२ | |
| २८ | बन्कस प्रतिबोरा (तामा) | २० | २२ | |
| २९ | खोर्सानी प्रतिबोरा | १० | १२ | |
| ३० | अदुवा प्रतिबोरा | १० | १२ | |
| ३१ | लसुन प्रतिबोरा | १० | १२ | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | नाङ्लो, नाम्लो प्रतिगोटा | १ | १ | |
| ३३ | सुर्ति प्रतिबोरा | १५ | २० | |
| ३४ | टमाटर प्रति कार्टुन - हाफ | १० | १२ | |
| ३५ | टमाटर प्रति कार्टुन - फूल | १५ | १७ | |
| ३६ | तरबुजा प्रतिगोटा | १ | १ | |
| ३७ | तरकारी जोख्ने काँटा प्रति बजार | ५० | ५५ | |
| ३८ | तरकारी बजारमा ठेलामा दैनिक बजार गरी बस्ने | १० | १२ | |
| ३९ | तरकारी झोला ५० के.जि. सम्मको | १५ | १७ | |

**आ.ब.२०७४/७५ का लागी नवलपुर बजारका विभिन्न शिर्षकहरूमा कायम दररेट :**

गुद्री बजार द्रर रेट :

| सि.नं. | विवरण | रेट |
|---|---|---|
| १ | खसी काटी मासु बेच्ने प्रति गोटा | रू. ४०।- |
| २ | माछा प्रति हण्डी | रू. ४०।- |
| ३ | कुखुरा परेवा प्रति जोडा | रू. १०।- |
| ४ | लेथ मेशिन | रू. ५०।- |
| ५ | विजुलिवाट चल्ने सेलर | रू. ५०।- |
| ६ | माछा मासु पकाउने संग | रू. २०।- |
| ७ | तेल, घ्यू, मसला | रू. २०।- |
| ८ | कपडा पसल | रू. २०।- |
| ९ | रेडिमेट कपडा पसल | रू. २०।- |
| १० | चप्पल पसल | रू. २०।- |
| ११ | खुजुरा चिउरा छिटिमा बेच्ने संग | रू. १०।- |
| १२ | खुजुरा दाल बेच्ने संग | रू. २०।- |
| १३ | खुजुरा चालम | रू. २०।- |
| १४ | तरकारी प्रति गाडा | रू. २००।- |
| १५ | खुजुरा पिठो बेच्ने संग | रू. २०।- |
| १६ | हजाम, चमार तथा छाता लाइटर बनाउने संग | रू. १०।- |
| १७ | रेडियो, घडी मर्मत | रू. २०।- |
| १८ | लुगा सिलाउने संग | रू. १०।- |
| १९ | सुकेको सिद्रा बेच्ने संग | रू. २०।- |
| २० | निवुवा, सुन्तला, अदुवा, खुर्सानी | रू. २०।- |
| २१ | आँप, लिच्ची, कटहर | रू. १०।- |
| २२ | अलुवा, प्याज प्रति टायर | रू. ३०।- |
| २३ | चामल, दाल, आलु, प्याज प्रति बोरा | रू. ३।- |
| २४ | किराना पसल | रू. २०।- |
| २५ | परचुन पसल | रू. २०।- |
| २६ | मिठ्ठा प्रति चक्की | रू. ५।- |
| २७ | मिठ्ठा पसल | रू. १०।- |
| २८ | सुर्ति पसल | रू. १०।- |
| २९ | जडिबुटि पसल | रू. १०।- |

| | | |
|---|---|---|
| ३० | भाडा पसल | रू. २०।- |
| ३१ | सर्वत पसल | रू. १५।- |
| ३२ | चिया पसल | रू. २०।- |
| ३३ | मुरी, कचडी, मिठाइ खुल्ला | रू. २०।- |
| ३४ | डोरी, नाम्लो खुल्ला | रू. २०।- |
| ३५ | बरफ बेच्ने संग | रू. १०।- |
| ३६ | खेला जादुवाला संग | रू. ४०।- |
| ३७ | तरकारी विउ पसल | रू. २०।- |
| ३८ | किटनासक औषधि पसल | रू. २०।- |
| ३९ | माटोको भाडा | रू. २०।- |
| ४० | जामुन, कुसुम, अम्चा बेच्ने संग | रू. १०।- |
| ४१ | होटल मासु भात पसल | रू. ३०।- |
| ४२ | अन्न विक्री खुल्ला | रू. २५।- |
| ४३ | गुण्डा; ढुटो प्रति बोरा | रू. २०।- |
| ४४ | आलु, प्याज विक्रि थोक | रू. २०।- |
| ४५ | आलु, प्याज विक्रि खुल्ला | रू. २०।- |
| ४६ | मिठाइ पसल | रू. २०।- |
| ४७ | गुन्द्री, चटाइ प्रतिगोटा | रू. ५।- |
| ४८ | पान पसल | रू. २०।- |
| ४९ | मदिरा पसल | रू. २०।- |
| ५० | अलुवा प्रति पसल | रू. १०।- |
| ५१ | चिट्ठा विक्री पसल | रू. ७५।- |
| ५२ | किराना पसल बेच्ने | रू. २०।- |
| ५३ | कुखुरा मासु बेच्ने | रू. २०।- |
| ५४ | खाली छिटी प्रति गोटा | रू. ७।- |
| ५५ | तरकारी प्रतिटायर | रू. १००।- |
| ५६ | मसलाको विरूवा प्रतिगोटा | रू. २।- |
| ५७ | हार्डवेयर प्रति स्टल | रू. २०।- |
| ५८ | साइकल मर्मत | रू. २०।- |
| ५९ | मेडिकल | रू. २०।- |

गोलभेंडा, तरकारी तथा फलफुल निकासीको दर रेट :

| सि.नं. | विवरण | रेट |
|---|---|---|
| १ | भाँगा ठूलो प्रति भाँगा | रू. ६०।- |
| २ | भाँगा सानो प्रति भाँगा | रू. ३०।- |
| ३ | टोकरी ठूलो प्रति टोकरी | रू. २५।- |
| ४ | टोकरी सानो प्रति टोकरी | रू. १५।- |
| ५ | प्लाष्टिक क्रेट ठूलो क्रेट | रू. १५।- |
| ६ | प्लाष्टिक क्रेट सानो क्रेट | रू. १०।- |
| ७ | कागज सुतरी | रू. ५०।- |

गोरु बजार दर रेट:

| सि.नं. | विवरण | रेट |
|---|---|---|
| १ | बाच्छा, बाच्छी, पाडा, पाडी प्रतिगोटा किन्ने संग | रू. १७५।- |
| २ | बाच्छा, बाच्छी, पाडा, पाडी प्रतिगोटा बेच्ने संग | रू. १७५।- |
| ३ | गाई, गोरू, राँगा, भैसी, प्रतिगोटा किन्ने संग | रू. १७५।- |
| ४ | गाई, गोरू, राँगा, भैसी, प्रतिगोटा बेच्ने संग | रू. १७५।- |
| ५ | दुहुनु गाई, भैंसी, प्रति जोडी किन्ने संग | रू. २००।- |
| ६ | दुहुनु गाई, भैंसी, प्रति जोडी बेच्ने संग | रू. २००।- |

लालबन्दी नगरपालिका वडा नं. १ र २ स्थित नवलपुर बजारमा रहेको सुंगुर र राँगा काटमार बजारको दररेट कायम नभएको काटमार गर्नेलेनै ठेक्का लिने प्रचलन रहेको छ। जसमा यस आ.ब.मा राँगा काटमार बजारको ठेक्का परेको छैन ।

## तरकारी बजारमासवारी साधन प्रवेश शुल्क :

| सि.नं | विवरण | इकाई | दररेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ठुलो ट्रक | पटक | ४०० | |
| २ | मिनि ट्रक | पटक | ३०० | |
| ३ | जिप, पिकअप, भेन, ट्र्याक्टर | पटक | १५० | |
| ४ | टेम्पो, म्याजिक, टायर | पटक | १०० | |
| ५ | बस (छत/भित्र) | पटक | १०० | |
| ६ | ई-रिक्सा, ठेला | पटक | ५० | |
| ७ | तरकारी जोख्ने काँटा | पटक | ७० | |

नोट :उल्लेखित प्रवेश शुल्क कृषि उपज बजार संचालक समितीको प्रशासनिक खर्च वा नगरपालिकाले तोके बमोजिम छुट्टै संकलन हुने छ ।

**सार्वजनिक सडक मर्मत सम्भार शुल्क :**

| सि.नं. | विवरण | प्रति पटक शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्र्याक्टर | १०० | उल्लेखित शूल्कका अतिरिक्त सवारीकर तोकिए वमोजिम लाग्नेछ। साथै लाग्ने कर शूल्क नतिरी छलेको फेला परेमा दोव्वर लिइनेछ। |
| २ | ट्रक, ट्रिपर, डोजर, स्काभेटर | २०० | |
| ३ | जिप, कार, मिनिबस, मिनिट्रक, म्याजिक, माइक्रो बस | ५० | |

## फोटोकपि/प्रतिलिपि सेवा शुल्क

| क.सं | विवरण | शुल्करु. |
|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपी दिदा | १० |
| २ | फोटोकपि शूल्क प्रति कपि | ३ |
| ३ | नक्कल प्रमाणित दस्तूर प्रति कपि | ५ |

## निर्माण सामग्रीबाट हुने सडक अवरोध दस्तुरः

| सि.न | विवरणप्रतिदिन प्रति व.मिटर | पिच सडक | कच्ची सडक | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्रमा (ओगटेको क्षेत्रफलको आधारमा) | १।५० | १।०० | |
| २ | आवशिय तथा अन्य क्षेत्र (ओगटेको क्षेत्रफलको आधारमा) | १।०० | ०।५० | |
| नोट : सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी निर्माण सामाग्री राख्न पाइने छैन। | | | | |